आज मिति २०७६ साल भाद्र १९ गते सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको ६० औं बैठक नगर प्रमुख श्री जनकराज मिश्र ज्यूको अध्यक्षतामा बस्यो उक्त बैठकको उपस्थिति तपसिल बमोजिम रह्यो।

तपसिल

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जनकराज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप-प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष - १ | |
| ४ | श्री जगत बहादुर खड्का | का.वा. वडा अध्यक्ष - २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष - ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष - ४ | |
| ७ | श्री ललित गुरुङ | वडा अध्यक्ष - ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष - ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष - ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष - ८ | |
| ११ | श्री मोति प्रसाद गुरुङ | वडा अध्यक्ष - ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष - १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष - ११ | |
| १४ | श्री भवानी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मि पोखरेल | " " " | |
| १६ | श्री चन्द्रमा घिमिरे | " " " | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | " " " | |
| १८ | श्री शान्ता भुजेल | " " " | |
| १९ | श्री सुरेश कुमार दुरा | " " " | |
| २० | श्री शशेन्द्र दर्जी | " " " | |
| २१ | श्री नारायण पाण्डेय | " " " | |

निर्णयहरू

निर्णय नं १

सुन्दरबजार नगरपालिका अस्पताल व्यवस्थापन समिति गठन निर्देशिका, २०७६ उपर दफावार छलफल भयो। उक्त निर्देशिका संशोधन सहित पारित गर्ने ।

निर्णय नं २

जिल्ला समन्वय समिति लमजुङ बाट सुन्दरबजार नगरपालिका कार्यालयमा कामकाज गर्न आउनु भएका सहायक स्तर पाँचौ (सामजिक परिचालक) मनहरी सोतीको म्याद थप सम्बन्धी निबेदन उपर आजको बैठकमा छलफल भयो ।निजको म्याद मिति २०७६ श्रावण १ गते देखि लागु हुने गरी ६ महिना थप गर्ने।

निर्णय नं ३

सुन्दरबजार नगरपालिकाको पाँचौ नगर सभा बाट प्रत्येक वडाका लागि वडा समितिले विनियोजन गर्ने गरी रू ४००००० ।अक्षरूपी चार लाख रूपैयाँ स्वीकृत भएकोमा उक्त रकम खर्च गर्ने कार्यविधि तर्जुमा गरी पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने ।

तपशिल

| सि. नं | नामथर | पद | समितिको जिम्मेबारी |
|---|---|---|---|
| १ | श्री नरेन्द्रराज घिमिरे | लेखा अधिकृत आ. प्र शाखा प्रमुख | संयोजक |
| २ | श्री सन्दिप के. सी. | ईन्जिनियर प्राविधिक शाखा प्रमुख | सदस्य |
| ३ | श्री दिल बहादुर तामाङ | खरिदार, योजना शाखा | सदस्य सचिव |

निर्णय नं ४

यस नगर कार्यपालिकाको वैठक समक्ष पेश गरिएको आ. ब. ०७६।०७७ को नगर दररेट स्वीकृत गर्ने।

निर्णय नं ५

एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०७६।०५।१८ गतेको आर्थिक सहयोग उपलब्ध सम्बन्धमा भन्ने निबेदन नगर कार्यपालिकाको बैठकमा पेश भयो ।उक्त निबेदन उपर चालु आ. ब. २०७६।०७७ मा सहकारी तर्फ विनियोजन भएको रू १ लाख मध्ये बाट उक्त कार्यक्रम सञ्चालन गर्नका लागि एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि. लाई जिम्मा दिने/ साथै सो वापत लागेको खर्चको विल बमोजिम बढीमा १ एक लाख रूपैयाँ उपलब्ध गराउने ।

निर्णय नं ६

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौको प. सं ०७६।०७७ च. नं ७० को पत्र प्राप्त भयो। सो सम्बन्धमा बुझि लेखि पठाउँदा सुन्दरबजार नगरपालिकाको भवन निर्माण गर्ने सम्बन्धमा साविकको ४ वटा गा. वि. स. हरू समाबेश गरी मिति २०७१ साल मंसिर १६ मा सुन्दरबजार नगरपालिका घोषणा भई कार्य गर्दै जाँदा र नगरपालिकाको भवन निर्माण गर्ने क्रममा ठाँटीचौरमा मिति २०७३।०९।२४ गते जग्गादाता पण्डित हरूले ३ रोपनी ६ आना २ पैसा २ दाम जग्गा प्रदान गरेको र सो जग्गा लिने र सोही स्थानमा नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्ने भनि तत्कालिन कार्यकारी अधिकृत श्री सुकदेव लम्सालको अध्यक्षताको सर्वदलीय बैठकले समेत मिति २०७३।०९।०३ मा निर्णय गरिसकेको र नगरपालिकाको मिति २०७३ पौष १७ गतेको वोर्ड बैठकले निर्णय गरेको अवस्था विद्यमान छ । साथै स्थानीय तह भए पश्चात नगर कार्यपालिकाकको मिति २०७६।०१।१३ को निर्णयानुसार मिति २०७६।०१।२५ मा बाँकी जग्गा थप गरी जग्गाको क्षेत्रफल ६ रोपनी १० आना ० पैसा २ दाम

२ दाम जग्गा कायम भएको छ । पत्रमा उल्लेख गरिएको आफ्नो नामको ४-३-०-० क्षेत्रफलको जग्गामा हाल सम्म पनि सुकुम्वासी हरूले घर निर्माण गरि वसिराखेको छ र मन्त्रीपरिषदको बैठकले मिति २०७५।०५।२६ मा गरेको निर्णय अनुसार मापदण्ड निर्धारण मिति २०७५।०६।१० प. सं ०७५।०७६ च. नं ३९ को प्रेशित पत्रानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ बमोजिम नगरपालिकाले केन्द्र हेरफेर वा परिवर्तन गर्नका लागि मात्र न्यूनतम ८ रोपनी जग्गा भित्र मात्र नगरपालिकाको भवन निर्माण गर्नु भन्ने रहेको हुँदा सुन्दरबजार नगरपालिकाले हाल केन्द्र परिवर्तन वा हेरफेर गर्ने गरी भवन निर्माण कार्य गर्न नलागेको यथार्थ हो मन्त्रिपरिषदको निर्णय बमोजिम तत्काल भवन निर्माण गर्दा ८ रोपनी जग्गा भित्रमा भवन निर्माण गर्नु पर्ने भन्ने देखिएको हुँदा सुन्दरबजार नगरपालिकाको हाल निर्माण गर्न लागेको सुन्दरबजार नगरपालिका वडा नं ६ को ठाटीचौरमा रहेको ६ रोपनी १० आना ० पैसा २ दाम जग्गामा नपुग जग्गा साँध संधियार मिलाई जति सक्दो छिटो मन्त्रिपरिषदको निर्णयको मर्म र भावना बुझि जग्गा थप गर्नका लागि नगरपालिका प्रतिबद्ध रहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष अनुरोध गर्ने।

<u>निर्णय नं ७</u>

सुन्दरबजार नगरपालिका र जिल्ला समन्वय समिति लमजुङको साझेदारीमा आ. ब. ०७५।०७६ मा यस कार्यालमा सम्झौता भएको भोटेवडार तार्दीखोला खानेपानी र आ. ब. ०७४।०७५ / आ. ब. ०७५।०७६ दुई वर्षे कार्य योजना अनुसार सुन्दरबजार अस्पतालको भवन दुबै योजना नयाँ योजनाको रूपमा निर्माण भएकोले सम्पन्न योजनाको भुक्तानी प्रकृयाको लागि जिल्ला समन्वय समिति लमजुङ लाई सिफारिस गर्ने ।

२०६३।०४।१६

<u>नोट अफ डिसेन्ट</u>

कार्यपालिकाको उपरोक्त निर्णय नं ६ मा उल्लेखित संघीय मामिला तथा सामान्य ~~स्थानीय विकास~~ प्रशासन मन्त्रालयलाई पठाउने गरी लिखित जवाफको निर्णय सोही विषयमा सम्मानित सर्वोच्च अदालतमा दलफल वहस भई फैसला को लागी प्रतिक्षारत रिट निवेदन संग सम्बन्धित रहेकोले विवादित विषयको सम्बन्धमा आवश्यक सम्पूर्ण सबुत प्रमाणहरूलाई सेँ चिरा केलाएर कानुनी व्याख्या गर्ने सम्मानित सर्वोच्च अदालतको काम प्रतिको अधैर्यताको स्पष्ट संकेत झल्काउने खालको रहेकोले हुँदा सो निर्णय प्रति असहमति प्रकट गर्दछौं।

अमृत न्यौपाने
वडाध्यक्ष-३

सानु शाह
उप-प्रमुख